# दशरथचन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०९५-५२०१७१
०९५-५२०२४१
खलंगा, गढी बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय गढी खलंगा बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धि सुचना

२०७८/०८/२६

(प्रथम पटक प्रकाशित मिति : २०७८/०८/२६)

संयूक्त राष्ट्रसंघिय जनसंख्याकोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र दशरथचन्द नगरपालिकासँगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरूर यस दशरथचन्द नगरपालिका, बैतडी बीच भएको सम्झौता बमोजिम यस नगरपालिकामा कार्यक्रम सञ्चालन हुने भएको हुँदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

### १. सामुदायिक मनोसामाजिक संयोजक–१ जना (महिला)

**न्यूनतम योग्यता:**

शैक्षिक योग्यता: स्नातकतह उत्तिर्ण गरी संघ संस्थामामा कामकाज गरेको कम्तीमा पनि १ वर्षको अनुभव भएको वा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तीर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई मनोसामाजिक सहयोगको क्षेत्रमा काम गरेको अनुभव भएको ।

उमेर : २० वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**अनुभव तथा वाञ्छनीय योग्यता:**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसँग मिलेर कामगर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग संयोजन गर्न सक्ने ।
- अन्तर व्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको ।
- पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरु सँग समन्वय गरी कामगर्न सक्ने क्षमता भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृया वारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS Excelतथाpower Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।



Scanned with CamScanner

**पदः मामिला व्यवस्थापकः २ जना (महिला)**

**न्यूनतम योग्यता :**

- कम्तीमा पनि १२ कक्षा उत्तीर्ण गरी मनोपरामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुवाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ ।
- मनोपरामर्शमाPGD वा मनोविज्ञान/मनोपरामर्शमा स्नातक गरेकोले प्राथमिकता दिईने छ ।
- कम्तिमा २ वर्ष मनोसामाजिक सहयोगको क्षेत्रमा समुदायमाकाम गरेको गरेको हुनुपर्नेछ । मनोपरामशकर्ता भई लैङ्गिकतथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग पुर्‍याउने काममा सहयोग गरेकालाई प्राथमिकता दिईने छ)
- मामला व्यवस्थापनमा कार्य गरेको अनुभव भएको
- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीपभएको ।
- आफुले मनोपरामर्श सेवादिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीपभएको ।
- स्थानीय सरकार, एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षा वास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघ सस्थाहरुसँग कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।
- उमेर : २० वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**कामको मूख्य जिम्मेवारी:**

- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई एकद्धार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरु सँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदाय स्तरमा नै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्धारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीपसिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावित हरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसावाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट व्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई सम्प्रेशन गर्ने ।
- पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्धार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढँगले राख्ने । यस्तो केन्द्रबाट उपलब्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :

- नेपाली नागरिकताको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रतिलिपि

योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व शाखाबाट रु.५००। तिरी सो को भौचर उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण (बायोडाटा) सहित निम्न ठेगानामा बुझाउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

सम्पर्क मिति: २०७८।०९।०४ गते कार्यालय समय भित्र

कर्मचारी पदपुर्ती समिति
९८५८७८९६९९

दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय गढी खलंगा बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

२०७८/८/२६



Scanned with CamScanner